कोशी मिडिया ग्रुप प्रा.लि.

समृद्धिको सहयात्री

# कोशीपत्र

KOSHIPATRA NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष २ । अङ्क ३९० । बुधबार ११ चैत्र २०७७ | Wednesday 24 March 2021 । पृष्ठ सङ्ख्या ४

www.koshipatra.com मूल्य रु ५/–



सुन चाँदीको गरगहना
खरिद बिक्रीका लागि हामीलाई सम्झनुहोस् ।
MANGENA JEWELLERY SHOP
Dharan - 7 | 9852049507


# धरानको बजेट खर्च निराशाजनक

## कुल बजेटको ३० प्रतिशतमात्रै

● कोशीपत्र संवाददाता

धरान

स्थानीय तहले तेस्रो चौमासिक शुरु हुँदासम्ममा करिब ५० प्रतिशतभन्दा बढी खर्च गरिसक्नुपर्ने हुन्छ । आर्थिक वर्ष समाप्त हुँदासम्म ८० प्रतिशत बजेट कार्यान्यवन भएका स्थानीय तहलाई उत्कृष्ट मानिन्छ । सोही आधारमा संघीय सरकारबाट आउने बजेटको पनि निर्धारण हुने गर्दछ ।

स्थानीय तहको निर्वाचन हुनु अघिसम्म कर्मचारीबाट चलेको स्थानीय तह जनप्रतिनिधी आएपछि विकाश र बजेट कार्यान्यवनले गति लिने विश्वास गरिएको थियो । तर विगत ४ वर्ष यता जनप्रतिनिधि आएपछिको बजेट कार्यान्यवन वर्षेनी निराशाजनक नै बन्दै गएको छ । निर्वाचन भएको पहिलो वर्ष र दोस्रो वर्ष बजेट कार्यान्यवनमा नितिगत अफठयाराहरु देखाए पनि चौथो वर्षको बजेट कार्यान्यवनमा पनि उस्तै अवश्था रहेको छ । धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को तेस्रो चौमासिक शुरु हुँदा पनि करिब ९ महिनाको बजेट कार्यान्वयन निराशाजनक नै रहेको छ । अघिल्लो वर्ष कोरोना संक्रमणले प्रभाव पारेको स्थानीय तहको बजेट कार्यान्वयन यस वर्ष केही खुकुलो हुँदा पनि अपेक्षित कार्यान्यवन गर्न सकेको देखिदैन् । धरान उपमहानगरपालिकाको आर्थिक महाशाखाका अनुसार चालु वर्ष कुल ३० दशमलव ४५ प्रतिशत मात्रै खर्च भएको देखिएको छ । कुल १ अर्ब ८७ करोड ५१ लाख २८ हजार रहेको बजेटमा तेस्रो चौमासिक शुरु हुँदासम्म ५७ करोड ११ लाख ९ हजार ६ सय ९५ रुपैया मात्रै खर्च भएको छ ।

धरान उपमहानगरपालिका, वडागत खर्च विवरण

| वडा | बजेट | जम्मा खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| १ | ७५,५८,५७० | १०,४४,७४१ | १३.८२ | ६५,१३,८२९ |
| २ | ६४,०५,३१२ | १०,२४,१८६ | १५.९९ | ५३,८१,१२६ |
| ३ | ६५,७३,१४३ | ६,३३,४८० | ९.६४ | ५९,३९,६६३ |
| ४ | १,१२,२०,८२७ | २४,८७,२५९ | २२.१७ | ८७,३३,५६८ |
| ५ | १,२५,२१,३४५.५० | २९,७१,११९ | २३.७३ | ९५,५०,२२६.५० |
| ६ | १,१९,१२,९४८ | १०,७६,०५६ | ९.०३ | १,०८,३६,८९२ |
| ७ | ६०,५२,३०० | १२,१७,६९८ | २०.१२ | ४८,३४,६०२ |
| ८ | १,४१,३५,३८० | १८,६१,८४६ | १३.१७ | १,२२,७३,५३४ |
| ९ | ६९,७९,८४० | ५,४३,२८७ | ७.७८ | ६४,३६,५५३ |
| १० | ७७,१३,१९५ | ६,१०,६३५ | ७.९२ | ७१,०२,५६० |
| ११ | १,४१,३२,९४६ | २६,७०,०९१ | १८.८९ | १,१४,६२,८५५ |
| १२ | ७३,०३,२७३ | ८,२०,३२५ | ११.२३ | ६४,८२,९४८ |
| १३ | १,१५,२२,६७० | २३,०३,५६० | १९.९९ | ९२,१२,११० |
| १४ | ८१,४१,९३० | १२,६४,५१६ | १५.५३ | ६८,७७,४१४ |
| १५ | २,११,८७,८११ | २८,४९,४१६ | १३.४५ | १,८३,३८,३९५ |
| १६ | १,२४,२१,९०० | १५,७१,९२६ | १२.६५ | १,०८,४९,९७४ |
| १७ | १,८८,५४,५३५ | ३४,४२,८८६ | १८.२६ | १,५४,११,६४९ |
| १८ | ७९,०५,५३९ | १६,३३,२२२ | २०.६६ | ६२,७२,३१७ |
| १९ | १,०९,८०,३२८ | १२,८५,७६१ | ११.७१ | ९६,९४,५६७ |
| २० | १,३८,२६,८०८.५० | ७,६२,५४४ | ५.५१ | १,३०,६४,२६४.५० |

कुल बजेटको पुँजीगत खर्च २१ दशमलव ८२ प्रतिशत रहेको छ भने चालुतर्फ ३६ दशमलव ९४ प्रतिशत खर्च भएको छ । धरान उपमहानगरपालिकाले कुल बजेटको १ अर्ब १ करोड ५६ लाख ६५ हजार १९ रुपैया चालु खर्चमा विनियोजित बजेटबाट ३७ करोड ५२ लाख ८७ हजार ४९ रुपैया मात्रै खर्च गर्न सकेको छ । यता पुँजीगत विनियोजित ८२ करोड ९९ लाख ८५ हजार ९ सय ८१ रुपैयाको बजेटमा १७ करोड ११ लाख १३ हजार ७ सय ९४ रुपैया मात्रै खर्च गरेको छ । अवको ३ महिनामा पुँजीगततर्फ ६४ करोड ८८ लाख ७२ हजार १ सय ८६ रुपैया खर्च गर्नुपर्ने देखिन्छ । आर्थिक महाशाखाका अनुसार प्रथम चौमासिकमा २६ करोड ६० लाख ८६ हजार ३१ रुपैया खर्च भएको छ भने दोस्रो चौमासिकमा ३० करोड ५० लाख २३ हजार ६ सय ६४ रुपैया खर्च भएको छ । तेस्रो चौमासिक शुरु भए यता कुनै पनि खर्च हुन सकेको छैन् । दोस्रो चौमासिक सकिँदा सामान्यतया ६५ प्रतिशत सम्म खर्च भइसक्नुपर्ने हुन्थ्यो । तर चौमासिक अनुसार खर्च गर्ने प्रक्रिया शुरुवातमै नीतिगत व्यवधानहरु पूरा गर्न नसक्दा खर्च

बाँकी अन्तिम पृष्ठमा ...




## धरान सहित प्रदेश १ मा ७ जना संक्रमित

# कोरोनाको नयाँ 'भेरिएन्ट्स' आशंका

● कोशीपत्र संवाददाता

विराटनगर

पछिल्लो पटक प्रदेश १ को राजधानी विराटनगरसहित मोरङका शहरहरुमा भेटिएका संक्रमितहरुमा कोरोनाको नयाँ 'भेरिएन्ट्स' हुन सक्ने देखिएको छ ।

ट्राभल हिस्ट्री हेर्दा भारत पुगेको देखिएकोले पछिल्लो पाँच दिन यताका संक्रमितमा नयाँ भाईरसको संक्रमण भएको हुनसक्ने स्वास्थ्य विज्ञको अनुमान छ । कोरोनाको नयाँ भेरिएन्ट्स पहिलेको तुलनामा निकै संक्रामक मानिन्छ ।

विराटनगरमा मंगलबार थपिएका एक सहित पाँच दिनयता ७ जनामा संक्रमण देखिएको छ । सामाजिक विकास मन्त्रालयको तथ्यांकअनुसार मंगलबार झापा, मोरङ र सुनसरीमा पाँच जनामा कोरोना संक्रमण पुष्टि भएको छ । प्रदेश बाहिरका एक जना, सुनसरीको धरान उपमहानगरपालिकाका एक र ठेगाना नखुलेका एक र झापाका अर्का एक जनामा संक्रमण देखिएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मंगलबार दुई सय ४२ जनाको स्वाब परीक्षण गरिएको थियो ।



कोसी अस्पतालका मेसु डा. चुमनलाल दासले नयाँ भेरिएन्ट्स निक्कै संक्रामक भएको अध्ययनले नै देखिएको बताउँदै भन्छन्, "संक्रमण अति चाँडै फैलन सक्ने खतरा भएकोले सरकारले तोकेका मापदण्डलाई मान्न सबै नागरिक तयार हुनुपर्छ ।" दासले कोरोनाको दोस्रो लहर फैलन नदिन नागरिकको कर्तव्य पनि उत्तिकै महत्वपूर्ण भएको बताएका छन । पछिल्लो पटक मानिसहरुले मास्क नलगाउने, भिंड गर्ने, जमघटमा पनि स्वास्थ्य मापदण्ड नमान्ने देखिएकोले कोरोनाको नयाँ भेरिएन्ट्स भए यसको फैलावट अति तीव्र हुन सक्ने उनले बताए ।

नयाँ संक्रमण देखिएकाहरुको ट्राभल हिस्ट्री हेर्दा भारतसँगको सम्बन्ध देखिएकोले नयाँ कोरोना भाईरसको भेरिएन्ट्स हुनसक्ने आशंका जिल्ला स्वास्थ्य कार्यालय मोरङका प्रमुख डा. सुरेशकुमार मेहताको छ । उनले भने, "नयाँ भाईरस हुन सक्छ तर थप परीक्षणपछि मात्र यसबारे यकिन गरेर भन्न सकिन्छ ।" मोरङमा पाँच दिनयता देखिएका संक्रमितमध्ये विराटनगरका ७ जना, सुन्दरहरैंचा नगरपालिकाका ३ र पथरीशनिश्चरे नगरपालिकाका एक जना छन ।

विराटनगर महानगरपालिकाका स्वास्थ्य संयोजक रमेश कार्की संक्रमितहरुमा नयाँ भाईरस भएको हुनसक्ने देखिएकोले अब कन्ट्र्याक्ट ट्रेसिङलाई बढावा दिने बताए । विराटनगरमा स्वाब संकलन भ्यानसमेत

बाँकी अन्तिम पृष्ठमा ...

# स्थानीयमा लापरवाही कायमै

● तेजबहादुर बन

इटहरी

छिमेकी मुलुकमा कोरोना संक्रमणको दर बढन थालेपछि नेपाल सरकारले भिडभाड हुने सबै कार्यक्रमहरू बन्द गर्न अनुरोध सहित स्वास्थ्य मन्त्रालयले परिपत्र जारी गरिरहँदा सुनसरीमा कुनै सतर्कता अपनाइएको पाइन्दैन ।

भारतमा संक्रमण बढदै जादा नेपालमा यसको दर क्रमशः उकालो लाग्दै गएको छ । मंगलबार एकै दिन १ सय ८८ जनामा कोरोना पुष्टि भएसंगै सरकारले थप सतर्कता अपनाउन आग्रह गरिरहदा जिल्लामा भने वेवास्था गरिदै आएको छ । जिल्ला प्रसाशन कार्यालय सुनसरीले पनि भिडभाड हुने कार्यक्रमहरू बन्द गर्न अनुरोध गर्दै आएको छ तर बिभिन्न राजनीतिक दलका पार्टी तथा सामाजिक संघ संस्थाहरूले अझैपनि सुरक्षा सतर्कता नअपनाइ खुल्ला स्थानमा सयौको संख्या सहित आमसभा र कार्यक्रमहरू गर्दै आएका छन । जिल्लामा रहेका बजारहरुको स्थिति र स्थानीय स्तरमा पनि लापरवाही बढ्दो देखिएको छ ।

स्थानीय निकायहरुले पनि कोरोना सचेतनाबारे केहि सतर्कता अपनाएको छैन । बजारमा व्यवसायीहरुले पनि सामान्य सुरक्षा सतर्कता समेत अपनाउन छाडेका छन । सुनसरीको धरान, इटहरी, दुहबी, तरहरा, इनरुवा लगायतका स्थानमा मास्क नलगाइ हिडने मानिसहरुको भिड नियन्त्रण हुन सकेको छैन् । सरकारी तथा नीजि कर्यालयहरुमा सेनिटाइजर र साबुन पानी देखिन छाडेका छन् । कोरोना संक्रमण तिब्र बढ्दै गएकाले नेपालमा पनि उच्च सतर्कता अपनाउनु पर्ने स्वास्थ्यकर्मीले बताउदै आएका छन । नेपालमा हालै देखिएको कोरोना दोश्रो चरणको फेज हुन सक्ने र यो फैलन समय नलाग्ने हुँदा समयमै सतर्कता अपनाउनु पर्ने स्वास्थ्यकर्मी कोसी अस्पताल विराटनगरका मेडिकल सुपरिटेण्डेन्ट डा. चुमनलाल दास बताउछन् ।

यता जिल्ला प्रसाशन कार्यालय सुनसरीले नेपाली बजारसँग जोडिएका भारतीय नाकाहरूमा कडाइ गरेको बताए पनि उच्च सतर्कता भने अपनाएको पाइएको छैन । सामान्य चेकजाँच मात्र गरी आउने र जाने स्थानीयहरूकबो बाक्लो जमात देखिएको छ ।

बिशेष गरि नेपालसँग सिमा जोडिएका भारतीय नाकाहरू सुनसरीको भण्टावारी, हरिनगरा, भुटाहा, देवानगञ्ज लगायतका

बाँकी अन्तिम पृष्ठमा ...






# इटहरीमा सांगीतिक कार्यक्रम सहित फुटवल हुने

• कोशीपत्र संवाददाता
इटहरी

गिरिजाप्रसाद कोइराला फाउन्डेसन युवा तथा खेलकुद विभाग प्रदेश नं. १ को आयोजनामा बिहीबार देखि प्रदेश एक नगरपालिका स्तरीय फुटवल प्रतियोगिता हुने भएको छ।

सुनसरीको इटहरीमा मंगलबार पत्रकार सम्मेलन गर्दै आयोजक टोलिका प्रदेश एक संयोजक सूर्य राईले खेलको सम्पूर्ण तयारी पुरा भइसकेको बताए । उनले फुटबल इटहरीस्थित क्षेत्रीय रंगशालामा हुने जानकारी दिएका छन। खेलमा प्रदेश एकबाट एक महानगर, दुइ उपमहानगर र ६ वटा नगरपालिकाका टिम गरी कुल ८ वटा टिमले भाग लिने जनाइएको छ। आयोजकका अनुसार इटहरी, विराटनगर, धरान, उदयपुर, उर्लाबारी, दमक, इनरुवा र धनकुटा सहित ८ वटा समुहले खेलमा भाग लिने जनाइएको छ। खेलमा बिजेता टिमले रू २ लाख , उपविजेताले नगद एक लाख प्राप्त गर्ने जनाइएको छ।

यसैबिच प्रतियोगितामा स्वास्थ्य शिविर, सांगीतिक कार्यक्रम तथा फोटो प्रदर्शनी समेत हुनेछ। खेल हेर्न आएका दर्शकले निःशुल्क स्वास्थ चेकजाँच समेत गरिनेछ। फुटवल हेर्न आएका दर्शकहरूलाइ थप मनोरञ्जन दिलाउन राष्ट्रिय स्तरका कलाकारहरू गायिका मेलिना राई, प्रितम आचार्य, सेविका कोइराला, लगायत स्थानीय कलाकारहरूको पनि प्रस्तुति रहने छ। साथै निशुल्क औषधि बितरण तथा बिपि प्रतिष्ठानका चिकित्सकहरूको परामर्स रहने जनाइएको छ । खेलमा दर्शकहरूलाइ प्रवेश निःशुल्क रहेको छ।

# सुन्दरहरैंचामा दुइवटा उद्योग वाणिज्य संघ

• कोशीपत्र संवाददाता
इटहरी

मोरङको सुन्दरहरैचा स्थित एउटै नगरपालिकामा २ वटा उद्योग वाणिज्य संघ स्थापना भएपछि कुनलाइ बैधानिकता दिने भन्ने बारेमा प्रश्न उठेको छ। सोमबार सुन्दरदुलारी उद्योग वाणिज्य संघको भवन शिलान्यास कार्यक्रममा एउटै नगरमा दुइवटा भन्दा पनि एउटै संघ बनाएर अघि बढनुपर्नेमा व्यवसायीहरुले जोड दिएका छन् ।

भवन शिलान्यास कार्यक्रममा बोल्दै नगरकी उप प्रमुख धनमाया तामांङले एउटै क्षेत्रमा दुइ वटा संघ हुँदा बैधानिकता कसलाइ दिने भन्ने बारेमा प्रश्न उठन थालेको बताइन। उनले अब एउटै उद्योग वाणिज्य संघ भएर काम गर्न सुझाव दिइन । त्यस्तै हालै निर्वाचित उद्योग वाणिज्य संघ सुन्दरहरैंचाका अध्यक्ष कृष्ण रिजालले पनि बिगतमा संघिय सरकार गठन हुनुभन्दा अघि जे जे भएपनि अब मुलुक संघियतामा गइसकेकोले एकिकृत भएर काम गर्नुपर्ने सुझाव राखे।

कार्यक्रममा सुन्दर हरैचा नगरपालिका वार्ड नं ७ का वडाध्यक्ष चैतन्य सिटौलाले पनि नगरमा सुन्दर दुलारी उवासंघले महत्वपुर्ण कार्यहरू गरे पनि अब एउटै नगरमा दुइ वटा उद्योग वाणिज्य संघ भन्दा एउटै भएर काम गर्न सुझाव दिए। सुन्दरदुलारी उवासंघका अध्यक्ष किशोर कुमार कार्कीले नगर क्षेत्रमा सबैभन्दा पुरानो र नेपाल सरकारबाट पनि बैधानिक प्राप्त संस्था रहेको बताए।

भवन अभावका कारण दैनिक काम कार्वाहि गर्न समस्या भइरहेको बेला जग्गा फेला पारी अबको केहि महिना भित्रै आफ्नै भवनबाट ब्यवसायीहरूलाइ सेवा दिन तत्पर रहेको उनले बताए।

संघको भवन सिलन्यास

संघले सोमबार आफ्नो भवन शिलान्यास सम्पन्न गरेको छ। गछियास्थित साजिलाल माविको जग्गा भाडामा लिइ करिब ९ कठ्ठामा सुन्दरदुलारी उद्योग वाणिज्य संघले सुविधा सम्पन्न सपिङ कम्प्लेक्स सहितको भवन शिलान्यास गरेको हो। सुन्दरहरैचा नगरपालिकाका नगर प्रमुख शिव प्रसाद ढकालले भवनको शिलान्यास गरे । ढकालले शुभकामना व्यक्त गर्दै नगरले आफ्नो ठाउँबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए। पाँच करोड लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य सहित सिलनयास गरिएको भवनभित्र सुविधा सम्पन्न सपिङ कम्प्लेक्स र १५ सय जना सम्म अटाउने सिटि हलको निर्माण गरिने जनाइएको छ । भवन भित्रै सिनेमा हल समेत सञ्चालन हुने गरि करिब ५ तलाको निर्माण गरिने जनाइएको छ।

पृष्ठ १ बाट जारी

## धरानको ...

हुने गरेकाले समस्या देखिएको उपमहानगरपालिकाका आर्थिक महाशाखा प्रमुख भेषराज अधिकारी बताउँछन् । पहिलो चौमासिकमा दररेट निश्चित गर्न, बजेट तय गर्न समय लाग्ने भएकाले सोचे जस्तो खर्च नहुने गरेको उनको भनाई छ। दोस्रो चौमासिकमा अहिल काम शुरु हुनुपर्ने तर गर्न नसकिएको उनले बताए। उनले भने, कम्तीमा पनि ५० प्रतिशत जती काम भएको भए राम्रो भन्न मिल्थ्यो, अहिलेको अनुसार चै कमजोर नै भन्नुपर्छ, कामहरु नसकिएकाले नै ढिलाई भएको हो।' चालु खर्च पनि लक्ष्य अनुसार खर्च नभएको उनले बताए । कार्यक्रम सञ्चालनको खर्च पनि चालुमै पर्ने भएकाले खर्च गर्न नसकिएको उनले बताए।

सरकारले मुल्यांकनको आधार कम्तिमा आर्थिक वर्षमा ८० प्रतिशत खर्च गर्नुपर्ने हुन्छ। त्यो अनुसार तेस्रो चौमासिकमा मात्रै ५० प्रतिशत खर्च गर्नुपर्ने देखिएको छ। उनले भने, तेस्रो चौमासिकमा त्यत्रो खर्च गर्न सक्ने अवस्था नहुन सक्छ।'

यस वर्ष आन्तरिक आयमा अनुमान गरिए जस्तो आय हुने देखिँदैन । बजेट विनियोजननै वैज्ञानिक नभएकाले पनि बजेट कार्यान्यवनमा असर पर्ने देखिन्छ । खर्च गर्नलाई बजेट देखाउनु पर्ने भएकाले आन्तरिक आय बढाएर बजेट बनाइएको छ । उनले भने, घाटी हेरेर हाँड निल्नुपर्ने तर बजेट नै हाँड हेरेर घाँटी फुलाएको जस्तो भएको छ, जसले समस्या बनाएको छ।'

अघिल्लो वर्ष कोरोनाको कारण कुल बजेटको ६२ प्रतिशत मात्रै खर्च भएको छ। यस वर्ष कोरोनाको प्रभाव नभएकाले चालु वर्ष सकिदाँ सम्म ७० प्रतिशत सम्म खर्च गर्न सकिने अनुमान गरिएको छ। अहिले सम्म ५० प्रतिशत सम्म खर्च गर्न सकिएको भए राम्रो हुन्थ्यो, तर त्यति पनि नपुग्दा नराम्रो नै अवस्था रहेको उनले बताए।

उपमहानगरको वडागत खर्च पनि निराशाजनक नै रहेको छ। धरानका २० वटै वडाहरुले तेस्रो चौमासिक शुरु हुँदा सम्म पनि २३ प्रतिशतभन्दा माथि खर्च गर्न सकेका छैनन् । उपमहानगरको तथ्याङ्क अनुसार सबै भन्दा कम खर्च वडा नम्बर २० मा भएको छ। कुल १ करोड ३८ लाख २६ हजार ८ सय ८ रुपैयाको बजेटमा ७ लाख ६२ हजार ५ सय ४४ रुपैया मात्रै खर्च भएको छ। सबै भन्दा बढी खर्च वडा नम्बर ५ ले गरेको छ । कूल १ करोड २५ लाख २१ ३ सय ४५ रुपैयाँको बजेटमा २३ दशमलव ७३ प्रतिशतले हुन आउने २९ लाख ७१ हजार १ सय १९ रुपैयाँ खर्च भएको जनाएको छ।

## कोरोनाको ...

परिचालन गरी कोरोना परीक्षण हुँदै आएको थियो । तर, दुई महिनायता स्वाब संकलन बन्द गरिएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या तीस हजार नाघिसकेको छ।

प्रदेश १ का सामाजिक विकास मन्त्री हिक्मत कार्कीले भारतीय सीमामा स्वास्थ्य सतर्कता अपनाउने र स्वास्थ्य परीक्षण गर्ने तयारी गरिएको बताउँदै भने, "संक्रमण फेरि फैलन सक्छ तर आतंकित भएर भन्दा संयमित र सावधानी अपनाएर यसको मुकाबिला गर्न तयार रहनुपर्छ ।" कार्कीले परीक्षण र उपचारमा प्रदेश सरकारले कुनै कमजोरी नगर्ने बताए।

## स्थानीयमा ...

सिमाहरूमा देखावटी सतर्कता मात्रै अपनाइएको छ। नाकामा नेपाल प्रहरी र सशस्त्र प्रहरी वल तैनाथ रहेपनि उनीहरूले सामान्य चेकजाँच मात्रै गर्ने गरेका छन । कतिपयले मास्क नलगाइ सिमाबाट वारि र पारि गरिरहेको पाइएको छ भने भारतीय नागरिकहरू पनि सोहि सिमाबाट सुनसरी छिर्ने क्रम जारी रहेको छ।

नाकाबाट भारतीय नागरिक प्रवेश नगरेको सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले दावि गर्दै आएका छन। उनले भारतमा कोरोना संक्रमण बढेसंगै नेपालमा उच्च सतर्कता अपनाउन सरकारले जारी गरेको निर्देशन अनुसार नै जिल्लाका सबै निकायहरूलाइ सुरक्षाका लागि निर्देशन जारी गरिसकेको बताए। त्यस्तै नेपाली बजारहरू सँग जोडिएका सुनसरीका नाकाहरूमा पनि थप कडाइ गर्न थालिएको प्रमुख जिल्ला अधिकारी ढकालले बताए।

JAPAN
Study/working
धरान-२ भानुचोक,
025-533579 |
9807018712
DOT Link
Consultancy Pvt. Ltd.
















सामुदायिक अस्पताल इटहरीमा

- दैनिक ओपीडी (OPD) - डा. सुनिल शाह (जनरल फिजिसियन)
- दैनिक हाडजोर्नी तथा नशा रोग विशेषज्ञ - डा. शम्भु शाह, ३ बजेपछि (एमएस अर्थो)
- दैनिक नवजात शिशु तथा बालरोग विशेषज्ञ - डा. सिवी झा (एमडी पेड्रियाट्रिक)
- दैनिक भिडियो एक्स-रे सेवा
- २४ घण्टे आकस्मिक उपचार, प्याथोलोजी, एक्स-रे, फार्मेसी साथै प्रसुति सेवा

साप्ताहिक विशेषज्ञ सेवाहरू

- प्रसुति तथा स्त्री रोग - डा. संगीता मिश्रा (शनिवार)
- नाक, कान, घाटी रोग - डा. रोशन आचार्य (शुक्रवार)
- जनरल सर्जन - डा नारायण बस्नेत (शनिवार)
- छाला तथा यौन - डा घनश्याम झा (शुक्रवार) डा. अनजात राई (सोम, बुध, शनिवार)
- मृगौला तथा मुत्रनली, पत्थरी (Urology) डा. एकवाल अहमद (शनिवार)
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा - डा. रमेश बस्नेत (शनिवार)

नोट : नि:शुल्क प्रसुति सेवा, सुत्केरी आमालाई रु. १०००/- यातायात खर्च तथा ४ पटक गर्भ जाँच गरेकालाई रु. ४००/- प्रोत्साहन भत्ता दिइँदै आएको छ।

सामुदायिक स्वास्थ्य सेवा सहकारी संस्था लि.
इटहरी-१, थाना अगाडि (०२५-५८२०१२) । हलगडा (०२५-५९०१३६)







कोशी मिडिया ग्रुप प्रालिद्वारा प्रकाशित, मुद्रण : नेपाल न्युज नेटवर्क इन्टरनेशनल प्रा.लि., अध्यक्ष : शंकर प्रसाद घिमिरे, निर्देशक : योगेशबाबु काफ्ले, सम्पादक : राजेश विद्रोही, कार्यकारी सम्पादक : दिनेश गजमेर, समाचार सम्पादक : गोविन्द बस्नेत
व्यवस्थापक : देवराज पुरी, मुख्य कर्पोरेट कार्यालय : धरान, Email: koshipatra2075@gmail.com, फोन : ०२५-५३१४७७, विज्ञापन तथा गुनासो : ९८०२७५५३००, ९८०२७५५३०१

## सम्पादकीय

# दुर्गाप्रसाद र क्षतिपूर्ति

चालीस वर्षसम्म भारतीय जेलमा बिताएका दुर्गाप्रसाद तिम्सिना (दीपक जैसी) गत शनिबार जेलमुक्त भए । पछि । इलामको फाकफोकथुम गाउँपालिका पुख्यौंली घर भई हाल माई नगरपालिका–१० का ६१ वर्षीय दुर्गाप्रसाद आइतबार इलाम आइपुगे । कोलकाताको 'दमदम' केन्द्रीय कारागारमा रहेका उनी ४१ वर्षपछि घर आइपुगेका हुन् । उनी मानसिकरूपमा स्वस्थ छैनन् । उनी बोल्न र हिँड्न सक्ने अवस्थामा पनि नभएका समाचारहरू आएका छन् । मायाँ मारिसकेको छोरो फर्किएर आउँदा परिवार हर्षित भए पनि उनको स्वास्थ्य समस्याका कारण परिवारजन चिन्तित छन् ।

उनी निर्दोष भएकै कारण ४० वर्षपछि जेलमुक्त भएपछि भारतीय सरकारले उनको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने चर्चा चल्न थालेको छ । उनी साँच्चीकै निर्दोष हुन् भने भारतले उनको परिवारलाई क्षतिपूर्ति दिनैपर्छ । एउटा मानिसको जीवनमा ४० वर्ष सानो समय होइन । यो त सिङ्गो जीवन नै हो । कुनै मानिसलाई विनाअपराध यति लामो समयसम्म जेलमा बस्न बाध्य पारिनु मानवताविरुद्धकै अपराध हो । सभ्य र लोकतान्त्रिक समाजका लागि यो विडम्बनापूर्ण अवस्था हो ।

तर उनले सहजै क्षतिपूर्ति पाउन सक्ने अवस्था छ त ? उनको मुद्दामा कानुनी अवस्था के छ ? उनलाई कोलकाताको उच्च अदालतले धरौटीमा रिहा गरेको बताइएको छ । मानसिक स्थिति ठीक नभएकोले ६–६ महिनामा परीक्षणमार्फत् अदालतलाई जानकारी गराउने गरी मुद्दा पुर्पक्ष गर्ने अदालतको आदेश रहेको सञ्चारमाध्यममा आएको छ । यसको अर्थ मुद्दा समाप्त भएको छैन । मानसिक अवस्था ठीक भयो भने मुद्दामा कारवाही शुरु गर्ने आशय बुझिन्छ । उनीमाथि हत्याको अभियोग छ तर पुष्टि गर्न उजुरीबाहेक केही देखिँदैन । स्वास्थ्य अवस्था ठीक नभएको हुँदा अदालतले सदाशयता देखाएको बुझिन्छ ।

उनलाई छोड्दा क्षतिपूर्तिको सन्दर्भमा केही भनिएको छैन तर सोमबार कोलकाता उच्च अदालतले उनले क्षतिपूर्ति पाउनुपर्ने धारणा प्रस्तुत गरेको छ । यो सकारात्मक विषय हो तर भारतमा क्षतिपूर्ति दिने व्यवस्था नै नभएको बताइएको छ । सन् १९८० मा पनि एकजना नेपालीलाई पटना जेलमा ३० वर्षसम्म गैरकानुनी थुनामा राख्दा उनलाई बन्दी प्रत्यक्षीकरणको निवेदनमार्फत् छुटाइएको घटना प्रकाशमा आएको छ । कानुनी व्यवस्था नभएको बताउँदै उनलाई त्यति बेला क्षतिपूर्ति नदिइएको समाचारमा उल्लेख छ ।

अब यस विषयमा नेपाल सरकारले नै पहल गर्नु आवश्यक छ । आफ्ना नागरिक अन्यायमा परेको विषयमा सरकारले सरोकार राख्नु अपेक्षित छ । भारतको कानुनमा २० वर्षभन्दा बढी जेल सजायको व्यवस्था नै छैन तर दुर्गाप्रसादलाई विनाआधार ४० वर्षसम्म थुनामा राखिएको छ । यो ठूलो अपराध हो । त्यसैले नेपाल सरकारले चासो देखाउनु आवश्यक छ । नेपाल सरकारले नै पत्र पठाएमा भारत सरकारले केही न केही जवाफ अवश्य दिनेछ । यसतर्फ सरकार गम्भीर बन्नुपर्छ ।

# ओझेलमा परेका कृषि बालीहरु



सुशील पोखेल

> पश्चिमाहरुको खाद्य शैलीको नक्कल गर्ने बढ्दो प्रचलनले गर्दा हाम्रा मौलिक खाद्य संस्कृति र तीसँगै तिनका खेती प्रणालीहरु पनि विस्तारै हराउँदै जान थालेका छन् । वास्तवमा, अहिलेको हाम्रो खाद्य संस्कृतिको विकास क्रमलाई वैज्ञानिक दृष्टिकोणबाट गहकिलो अध्ययन गर्ने हो भने प्रकृतिलाई पछिल्लो पुस्ताले भन्दा अघिल्लो पुस्ताले नै धेरै राम्रोसँग बुझ्ने प्रयास गरेको देख्न सकिन्छ । अर्थात्, तुलनात्मक रुपमा हाम्रा परम्परागत खाद्य संस्कृति ज्यादा अब्बल र सुसज्जित भएको पाइन्छ ।

मानव जातिद्वारा निर्धारित र वर्गिकृत विभिन्न अधिकारहरु मध्ये खाद्य सम्बन्धी अधिकार मानिसको एक नैसर्गिक अधिकार हो । खाद्य वस्तुको उत्पादन र उपभोगका निम्ति प्रकृतिसँगको निरन्तर संघर्षलाई नै मानव जातिको क्रमिक विकासमा देखिएको मूलभूत पक्ष मान्न सकिन्छ ।

आज स्थापित यस समाजको आकृति पनि झन्डै दश हजार वर्षदेखि चलिआएका यस्तै चरणबद्ध अन्तर-संघर्षहरुको विकसित रुप र त्यसको सानो प्रतिबिम्ब नै हो । फिरन्ते शिकारी युगबाट स-साना कविला बस्तीहरुको विकास हुँदै कृषि युगमा फड्को मार्न पनि मानव जातिलाई निकै समय लागेको थियो । जंगली वनस्पति र वन्यजन्तुहरुलाई मानव समाजमा प्रवेश गराई घरायसी बनाउने उक्त सुरुआती प्रचलनलाई नै मानव समाजका अध्येताहरुले कृषि संस्कृतिको प्रारम्भिक युगका रुपमा लिने गरेको पाइन्छ । जुन संस्कृतिका, विविध आयामहरु युग सापेक्ष्य रुपान्तरण पनि हुँदै आएको देख्न सक्छौं ।

आधुनिक युगको प्रारम्भिक चरणदेखि नै विकसित भएका विज्ञान र प्रविधिहरुको मद्धतले एकातिर मानिसको प्रकृतिसँगको संघर्ष त निरुपण भयो । तर, अर्कोतर्फ भने मानव जाति भित्र नै उत्पादन र उपभोग गर्नेका बीच ठूलो दरार पैदा हुँदै गयो । उत्पादनका साधनहरु माथि निश्चित वर्गहरुको नियन्त्रण, केही सीमित बालीहरुमा केन्द्रित उत्पादन प्रणाली, उत्पादनको असमान वितरण तथा कृषिमा भूमण्डलीकृत दलाल पुँजीवादको बढ्दो प्रभावका कारण नै आज पनि संसारमा करोडौं मानिसहरु भोकमरीको शिकार बन्न बाध्य छन् ।

तथ्यांकका अनुसार, विश्वमा हरेक ९ मध्ये १ व्यक्ति, र एसियामा हरेक ८ मध्य १ व्यक्ति अझै पनि पर्याप्त खाद्यान्नको अभावबाट गुज्रिरहेका छन् (एफएओ,२०१४) । अल्पविकसित र विकासोन्मुख देशहरू माझ त यो समस्या झनै व्याप्त छ । नेपालमा पनि झन्डै ४६ लाख व्यक्तिहरु पर्याप्त खाद्यान्नबाट वञ्चित रहेका छन् । यसबाहेक, ५ वर्षभन्दा माथिका ४० प्रतिशत बालबालीकाहरु र झन्डै १४ लाख गर्भवती तथा सुत्केरी महिलाहरु कुपोषणको शिकार बन्न पुगेका छन् (युएसएड,२०१९) ।

मुख्यतः नेपालका पहाडी र हिमाली भेगका अधिकांश भू-भागहरु यस समस्याबाट बढी प्रभावित रहेको देख्न सकिन्छ । नेपाल जस्तो मुलुक जहाँ झन्डै दुई तिहाई (६०.४५) जनसंख्या कृषिमै संलग्न रहेको, कुल भूभागको झन्डै एक तिहाई (२८.५) हिस्सा खेतीयोग्य जमिन रहनुका साथै प्रचुर जैविक तथा पर्यावरणीय विविधता उपलब्ध भएको कृषि प्रधान देशमा पनि यति विघ्न खाद्य तथा पोषण संकट देखा पर्नु विडम्बना नै मान्नुपर्छ । यद्यपि, समस्याहरुको जडलाई नियाल्दै जाँदा यस किसिमका विविध बाध्यात्मक परिस्थिति सिर्जना हुनुका पछाडि कृषि पद्धतिको दुर्वलता नै प्रमुख कारक रहेको देख्न सकिन्छ ।

एकतर्फ विज्ञान र नविनतम प्रविधिहरुको मद्धतद्वारा विश्व नै कृषिलाई उत्तर आधुनिक युगमा प्रवेश गराउने जमर्को गरिरहेका बखत यता नेपाल भने सीमित ज्ञान र स्रोतका कारण उक्त लहडलाई न त पूर्णरुपले बुझ्न सकेको छ, न त पछ्याउने सामर्थ्य नै बोकेको छ । अर्कोतर्फ, नेपालले आफ्नो परम्परागत कृषि पद्धतिलाई पर्याप्त अध्ययन, खोज/अनुसन्धान गरी न यसलाई मनन गर्न सकेको छ, न त सहर्ष अंगिकार गर्ने प्रयत्न नै ।

यसरी, नेपालीको वास्तविक कृषि धरातल र कृषिसँग जोडिने आधुनिकवादका राजनैतिक नाराहरु बीचको तालमेल नमिल्दा कृषि टुहुरो बन्न पुगेको छ । विभिन्न समुदायका अर्थ-सामाजिक परिवेश, भौगोलिक अनुकूलता, मौलिक पर्यावरण तथा प्राकृतिक विविधताहरुको गहिरो तहकिकात गरी निचोड बिन्दुमा पुग्न नसकेका कारण नै नेपालले आजसम्म पनि आफ्नो कृषि पद्धतिको सही दिशा ठम्याउन सकिरहेको छैन ।

जसकारण, सरकारका नीति तथा कार्यक्रमहरु पनि परम्परागत कृषि प्रणाली र ज्ञानलाई बेवास्ता गरी आधुनिक भनिने व्यवसायिक कृषिलाई मात्र बढी प्रसय दिने ढंगले निर्माण गरिँदै आएको देखिन्छ । एकल बाली खेती प्रणाली अर्थात् मोनोक्रपिङलाई मात्र प्राथमिकतामा राख्ने व्यवसायिक तथा औद्योगिक कृषि पद्धतिले प्रकृतिको प्रचुर विविधतालाई कुण्ठित गरी केही सीमित बालीहरुमा मात्र समग्र कृषिलाई निर्भर रहन बाध्य तुल्याएको छ ।

यस किसिमका पद्धतिहरु व्यवसायिक दृष्टिकोणमा बढी नाफामूलक रहेका बालीहरुको मात्र उत्पादन र उत्पादकत्व वृद्धितर्फ केन्द्रित रहेको पाइन्छ । परिणामस्वरूप, एकतर्फ यसले समग्र वातावरण र कृषि पर्यावरणमा पारेको असर त छँदै छ, अर्कोतर्फ प्रचलित जैविक विविधता, खाद्य विविधता र यसैसँग जोडिएका समाजका अर्थ-सांस्कृतिक विविधताहरुलाई पनि संकुचित गरिदिएको छ ।

प्रतिफलस्वरूप नेपालमा, आधुनिक भनिएका यस्ता कृषि प्रणालीले त झनै समस्त विविधताहरुलाई स्खलित गरी उल्टै खाद्य संकटलाई प्रसय दिइरहेको देखिन्छ । यस बाहेक पहाडी र हिमाली भेगहरुमा रहेको भौगोलिक जटिलता, ज्ञान र प्रविधिसँगको पहुँच विहीन अवस्था, आर्थिक क्षणभंगुरता र स्थानीय भूगोल/हावापानी अनुकूल खेती प्रणालीको सिफारिस गर्न नसक्दा पनि नेपाल जस्तो हिमाली मुलुकहरुमा खाद्य संकटले अझ बढी स्थान पाएको छ ।

पछिल्लो समय समग्र विश्वकै कृषि पद्धति साँघुरिँदै गएको देख्न सकिन्छ । विश्वभर उत्पादन हुने खाद्यान्न मध्ये ७५५ खाद्यान्न जम्मा १२ जातका बाली र ५ प्रजातिका पशुहरु माथि मात्र निर्भर रहेको छ । अझ भनौं, बिरुवाबाट मानिसलाई प्राप्त हुने कुल क्यालोरी र प्रोटिनको झन्डै ६०५ हिस्सा धान, गहुँ र मकैबाट मात्र पूर्ति हुने गरेको छ (एफएओ, २०१२) ।

अन्तत, यस किसिमको संकीर्ण खाद्य उत्पादन प्रणालीलाई थप प्रवर्द्धन गरिँदै लगिने हो भने आगामी दिनमा झनै ठूलो संकट उत्पत्ति हुने निसन्देह नै छ । त्यसो त आगामी दशकहरुमा खेतीयोग्य जमिनहरु घट्दै जानु र जनसंख्याको वृद्धिदर बढ्दै जानुले पनि ठूलो खाद्य चुनौती आमन्त्रण गर्ने निश्चित जस्तो नै छ ।

एफएओका अनुसार, विश्वमा बढ्दो जनसंख्याको खाद्यान्न मागलाई पूर्ति गर्नका निम्ति सन् २०५० सम्ममा हालको उत्पादनलाई ७०५ ले वृद्धि गर्नु पर्ने आवश्यक देखिन्छ । यी बाहेक, स्थानीय भूगोल, पर्यावरण, मूल्य/मान्यता र उत्पादन प्रणाली अनुरुप क्रमिक विकास हुँदै आएको हाम्रो मौलिक खाद्य संस्कृतिलाई उचित अनुसरण गरी निरन्तरता दिन नसक्दा पनि थप चुनौती थपिएको छ ।

पश्चिमाहरुको खाद्य शैलीको नक्कल गर्ने बढ्दो प्रचलनले गर्दा हाम्रा मौलिक खाद्य संस्कृति र तीसँगै तिनका खेती प्रणालीहरु पनि विस्तारै हराउँदै जान थालेका छन् । वास्तवमा, अहिलेको हाम्रो खाद्य संस्कृतिको विकास क्रमलाई वैज्ञानिक दृष्टिकोणबाट गहकिलो अध्ययन गर्ने हो भने प्रकृतिलाई पछिल्लो पुस्ताले भन्दा अघिल्लो पुस्ताले नै धेरै राम्रोसँग बुझ्ने प्रयास गरेको देख्न सकिन्छ । अर्थात्, तुलनात्मक रुपमा हाम्रा परम्परागत खाद्य संस्कृति ज्यादा अब्बल र सुसज्जित भएको पाइन्छ ।

स्थानीय हावापानी, भूगोल र पर्यावरण सुहाउँदो बालीको छनोट, रैथाने बालीहरुको संरक्षण, तिनको खेती र त्यस किसिमको उत्पादन पद्धतिले गर्दा खाद्यान्न सँगसँगै पौष्टिक तत्वहरुको पनि हाम्रो परम्परागत खाद्य संस्कृतिलाई कहिल्यै अपुग भएन । न त त्यसलाई अहिलेको जस्तो आधुनिक भनिने कृषिका ज्ञान, रासायनिक मल, विषादी आदिको आवश्यकता नै पर्यो ।

उवा, कोदो, जौ, चिनो, कागुनो तथा फापर जस्ता स्थानीय पोषिलो रैथाने बालीहरुको उत्पादन र उपभोगलाई समेत संलग्न गरी विकसित भएको हाम्रो मौलिक खाद्य संस्कृति अहिले साँघुरिँदै गएको छ । धान, गहुँ र मकै जस्ता बालीहरुलाई मात्र सर्वस्व ठानी यसैमा मात्र उत्पादन केन्द्रित रहन पुग्दा पोषणयुक्त रैथाने बालीहरुको खेती खुम्चिँदै गएको छ । जुन बालीहरुलाई बेवास्ता गरिएका उपेक्षित र उत्पीडित बालीहरु पनि भन्ने गरिएको छ ।

पछिल्लो समय, विभिन्न वैज्ञानिक खोज तथा अनुसन्धानहरुले पनि यी बालीहरुलाई स्वास्थवर्धक र पोषणयुक्त रहेको प्रमाणित गरिसकेपछि भने जनमानसमा यसप्रति सकारात्मक र महत्वबोधको भाव दर्शिन थालेको छ । प्रायः गरिब र दूर्गम बस्तीहरु माझ मात्र प्रयोगमा आउने यी बालीहरु आज पाँचतारेहरुमा पनि मोटो रकम आर्जन गर्ने माध्यम बन्न पुगेका छन् ।

तर, आज परिस्थिति फरक छ । तिनै हाम्रा परम्परागत खाद्य संस्कृति अन्तर्गतका बालीहरु माथि आज देश परनिर्भर बन्न पुगेको छ । आयातको आंकडा हेर्दा प्रतिवर्ष नेपालमा झन्डै ९ अर्बभन्दा बढीको (२०७५/७६) कोदो, फापर, जौ र जुनेलो मात्र आयात हुँदै आएको देखिन्छ । तथ्यांकमा सीमित यी अंकहरु यथार्थमा खुल्किदै गएको हाम्रो कृषि पद्धतिको बिम्ब नै हुन । उपेक्षित अन्य केही महत्वपूर्ण बालीहरुः जौ, जुनेलो, उवा, गांजा, सिस्नु, बाजरा, सामा, कोदो, जैतुन, निमारो, लौकाट, सिल टिमुर, सर्पको मकै आदि (नार्क,२०१९) ।

मुख्य विशेषताः यी बालीहरु मध्य अधिकांश भिरपाखा र कम उब्जनी हुने जमिनमा पनि सजिलै हुर्कन र बढ्न सक्दछन् । स्थानीय भूगोल र पर्यावरणसँग राम्रो अभ्यस्तता भएका कारण पनि यी बालीहरुमा मौसम परिवर्तन जस्ता समस्यासँग सामना गर्ने क्षमता अन्य बालीहरुमा भन्दा तुलनात्मक रुपमा बढी पाइएको छ ।

यस बाहेक, सुख्खा सहन क्षमता, चिसो प्रतिरोध क्षमता, बढी तापक्रम सहन क्षमता आदि गुणहरु पनि यस अन्तर्गतका विभिन्न बालीहरुमा देखिएको छ । मौलिक विशेषता तथा अनेकौं सम्भावनाहरु बोकेका यस किसिमका थुप्रै बालीहरु अझै पनि सरकारका नीति तथा कार्यक्रमहरु अन्तर्गत समेटिन सकेका छैनन् ।

बिसौं शताब्दीको पछिल्ला दशकहरुबाट कृषि अनुसन्धान परिषद (नार्क) द्वारा यी बालीहरुमा केही खोज तथा अनुसन्धानहरु आरम्भ भएता पनि तिनले पूर्णता भने पाउन सकेका छैनन् । नेपालमा खेती हुँदै आएका लगभग ४८४ परम्परागत बालीहरु मध्य झन्डै २०० भन्दा बढी जातका बालीहरुलाई न्यून प्रयोगमा आएका उपेक्षित बाली अन्तर्गतको सूचीमा समावेश गरिएको छ (नार्क, २०१९) । अर्थात्, यी बालीहरु हाम्रो खेती प्रणालीबाट क्रमशः विलीन हुँदै जाने अवस्थामा रहेका छन् ।

सरकार र सम्बन्धित मन्त्रालयका वार्षिक, अर्ध-वार्षिक, पञ्चवर्षीय तथा अन्य कार्यक्रमहरुमा पनि यी बालीहरुले कतै प्राथमिकता पाएको देखिदैन । विसं २०७३ सालदेखि सुचारु भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हालसम्म विकास गरिएका १६ सुपरजोन र १०६ जोन मध्य कुनै क्षेत्रमा पनि यी बालीहरुलाई प्राथमिकतामा राखिएको छैन ।

निश्चित ठाउँमा निश्चित व्यवसायिक बालीलाई मात्र प्राथमिकतामा राख्ने र त्यस्ता निश्चित बालीहरुसँग सम्बन्धित बिउ, रासायनिक मल, विषादी आदिलाई मात्र अनुदान उपलब्ध गराउने यस्ता परियोजनाले प्रचलित खेती प्रणाली, पर्यावरण र कृषि विविधतालाई किनारा लगाई उक्त निश्चित व्यवसायिक बालीको मात्र खेतीमा विस्तार गर्ने प्रोत्साहन गरेको देखिन्छ ।

अतः यस किसिमका एकल बाली खेती प्रणालीलाई प्रेरित गर्ने यस्ता परियोजनाहरु मार्फत कृषिमा आत्मनिर्भर र समृद्धिको सपना देख्नु मूर्खता नै हो । त्यस्तो मूर्खता जसले दीर्घकालीन रुपमा ठूला दुर्घटना र भोकमरीको संकट साथै बोकेको छ ।

अन्त्यमा, सबै जिम्मेवार नागरिक र नीति/कार्यक्रम तर्जुमा गर्ने जिम्मेवारी व्यक्तिहरुले स्पष्ट रुपमा बुझ्नु जरुरी छ कि कृषि पेशा होइन, यो त मानव जातिको एउटा पवित्र संस्कृति हो जुन समाजका विविध आयामहरुसँग पनि गाँसिएको छ । जुन आयामहरुबाट यसलाई अलग्याएर एक्लै हेर्न सकिँदैन । जस्तो, नेपालमा प्राकृतिक मात्र नभई जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक आदि विविधताहरु पनि प्रचलनमा रहेका छन् ।

यस किसिमका समस्त विविधताहरुलाई प्राथमिकतामा राखी विद्यमान सामाजिक परिवेश, खाद्य संस्कृति अनुरुप सापेक्षित नीति तथा कार्ययोजनाहरुको निर्माण गर्नु नै नेपालको आगामी कृषि पद्धतिको दिशानिर्देशक बन्न सक्दछ । र आज आवश्यक दिगो र स्थिर कृषि प्रणाली पनि यहि नै हो ।

आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले पनि उच्च महत्व रहेका यस्ता बालीहरुलाई नेपालले पुनः खेती प्रणालीमा प्राथमिकताका साथ राखी सम्बर्द्धन र प्रबर्द्धन गर्न तर्फ लाग्ने हो भने नेपाल र नेपालीका खाद्य सम्बन्धी अधिकांश समस्याको निरुपण हुने उच्च सम्भावना अझै जीवित छ ।

*साभार : सेतोपाटी*

## शैक्षिक सामग्री वितरण

• **कोशीपत्र संवाददाता**

धरान

एकता दिवसको अवसरमा धरान राउण्ड टेबलले सम्यक शिक्षा आधारभूत विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ । धरान १७ को उदयटोल स्थित विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई कपी र ज्यामितिबक्स वितरण गरेको हो । धरान राउण्ड टेबल २६ का निर्वतमान अध्यक्ष लक्ष्मीकान्त वियानीको जन्मदिनको अवसरमा विद्यार्थीहरुलाई खाजाको साथै कपी र ज्यामितिबक्स वितरण गरेको हो । कार्यक्रममा विद्यालयमा भएको तीन दिने खेलकुद प्रतियोगिताको विजेताहरुलाई पनि पुरस्कार वितरण गरिएको थियो । कार्यक्रमको अवसरमा विद्यालय परिसरमा राष्ट्रिय झण्डाको झण्डोतलन पनि गरेको थियो ।

धरान राउण्ड टेबल २६ का अध्यक्ष आशिषअग्रवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा श्री पञ्चायत आधारभूत विद्यालय धरान १६ का प्रधानाध्यापक कृष्णप्रसाद भट्टराई र पत्रकार तिर्थ कार्कीको आतिथ्यता रहेको थियो भने कार्यक्रम सञ्चालन धरान राउण्ड टेबलका उपाध्यक्ष कृष्ण अटलले गरेका थिए ।

*प्रशिक्षार्थी : संगीता राई*

## ब्राउनसुगर सहित ६ जना पक्राउ

• **कोशीपत्र संवाददाता**

उदयपुर

उदयपुर चौदण्डीगढी नगरपालिका-४ नमुना स्थितबाट लागुऔषध खैरोहिरोईन सहित ६ जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा उदयपुर चौदण्डीगढी-५ का २३ बर्षीय सुनिल राई, उदयपुर त्रियुगा-१३ का २४ बर्षीय हरी खड्का, ३० बर्षीय खगेन्द्र राई र २४ बर्षीय दिपक रम्तेल रहेका छन भने सप्तरी कंकालिनीका २० बर्षिय बब्लु मुखिया र २५ बर्षीय ऋषि कुमार क्षेत्री रहेका छन । उनीहरुलाई ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले सोमबार पक्राउ गरेको हो । पक्राउ परेकाहरुको साथबाट ३ ग्राम ३८ मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर, ७ बोतल कोरेक्स, ५० ग्राम गाँजा फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । यसै गरी उनिहरुको साथमा रहेको ६ थान मोबाईल नगद ३ हजार ५ सय २५ रुपैया समेत नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

सूचना ! सूचना !!

राज्यको सबैभन्दा पछाडि परेको दलित वर्गको उत्थानका लागि सबैले आ–आफ्नो क्षेत्रबाट सक्दो पहल गरौं । दलित समस्या केवल केही जातिको होइन पुरै राष्ट्रको समस्या हो ।

दलित विकास समिति
धरान उपमहानगरपालिका
सम्पर्क : ९८१५३०६०५२/९८४०५९३६४८/९८४२०४०५८६

पूर्व तर्फका संधियार श्री लिला देविको नाममा

धरान उपमहानगरपालिका १५ नं. वडा कार्यालयको
७ दिने सूचना

धरान १५, एभरेष्ट लाईन स्थित जग्गाधनी श्री रुद्र माया विश्वकर्मीले निजको नाममा दर्ता रहेको साविक बाझागरा १।क , कि.नं. ४९१५ ज.वि ०-०-५ क्षेत्रफल भएको जग्गामा घर /भवन निमार्णको लागि निवेदन दिनु भएकोमा तपाई पुर्व तर्फका संधियारको उपस्थिति नदेखिएकोले यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ । निजलाई घर/भवन निमार्णको लागि स्वकृति दिदा तपाईहरुको जग्गामा हानी नोक्सानी हुन्छ वा हुदैन ? यदि हुन्छ भने यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र सबुत प्रमाण लिई १५ नं. वडा कार्यालयमा उपस्थित हुन सुचित गरिन्छ । अन्यथा नियमअनुसार भई जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

| जग्गा रहेको स्थान | | | क्षेत्रफल | नक्सा दर्ता मिति | १५ दिने सन्धि सर्पन सूचना जारी मिति |
|---|---|---|---|---|---|
| वडा नं. | साविक वडा | कि.नं. | | | |
| १५ | १५ | ४९१५ | ०-०-५ | ०७७/११/२० | ०७७/११/२३ |


जनहितमा जारी सूचना

धरान उपमहानगरपालिका भित्र सञ्चालित साना तथा ठुला सम्पूर्ण व्यपार तथा व्यवसाय अनिवार्य रुपमा दर्ता गरेर मात्र सञ्चालन गर्नुहोला । पसलमा अनिवार्य रुपमा मूल्य सूची र साईन वोर्ड राख्नुहोला । हाल बजारका सुन पसलहरुमा नाप तौल विभागबाट प्रमाणित नभएको टप मेसिन अनाधिकृत रुपमा प्रयोग भइरहेको व्यापक जनगुनासो आइरहेको हुनाले उक्त मेसिन प्रयोग नगर्न हुन अनुरोध गरिन्छ । यदि अनुगमन गर्दा त्यस्तो पाइएमा कानून बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

अनुरोधकर्ता
धरानउपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

गोरखा होटल

विशेष छुटसहित हामी निरन्तर तपाईहरुकै सेवामा समर्पित हुनेछौं । हामीसंग स्विट रुम, एक्जुकेटिभ रुम, डिलक्स रुम र नर्मल रुम गरी ४२ वटा रुमहरु उपलब्ध छन् ।

यहाँ लाउञ्जको पनि व्यवस्था छ । गोरखा रेस्टुरेन्ट एण्ड

गोरखा होटल प्रा. लि.
सम्पर्क : ०२५–५८२३११
इटहरी, सुनसरी, धरान रोड
गोरखा डिपार्टमेन्ट स्टोर पछाडि

# जनतानै मालिक हुन् : देउवा




तस्विर : लक्ष्मण थापा

● कोशीपत्र संवाददाता

धरान

देशको सार्वभौमसत्तानै जनता भएकाले ठुलो शक्ति पनि जनतानै रहेको बताउँदै नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले देशको मालिकनै जनता भएकाले सबै किसिमका निर्णय उनीहरुले नै गर्ने बताए ।

धरानमा मंगलबार ५६ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवसको सन्दर्भमा आयोजित समावेशी लोकतन्त्र र संवैधानिक व्यवस्था विषयक प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा पहिलो दिनको उदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै सभापति देउवाले जुकुसुकै जातीका जनता भए पनि उनीहरुको भोट कांग्रेसले लिन सक्नुपर्नेमा जोड दिए । उनले भने, दलित जनता, होस्, आदिवासी, महिला, थारु जनता सबैको साझा पार्टी कांग्रेसनै हो, दलित जनतालाई आरक्षण दिने पहिलो पार्टी पनि कांग्रेसनै हो ।' जनताको सेवा गर्दै सुखदुःखमा साथ दिएर सबैको भोटका लागि कांग्रेस लाग्नुपर्ने उनले बताए । जनताको भोटबाटै नै समावेशी सरकारको नेतृत्व गर्न आवश्यक रहेको बताए । आदिवासी जनजाती, दलित सबैले नेपाली कांग्रेसलाई विजयी मात्रै गराउने होइन्, पार्टीमा पनि बहुसंख्यक उपस्थिती जनाउनुपर्नेमा जोड दिए ।

फरक प्रसंगमा सभापति देउवाले प्रहरी प्रशासनले कांग्रेसका नेता कार्यकर्तालाई दुःख दिनेलाई नछाड्ने बताए । नेपाल प्रहरीले कम्युनिस्ट सरकारको आडमा काँग्रेस कार्यकर्तालाई अनावश्यक दुख दिएको भन्दै उनले आक्रोश व्यक्त गरे । उनले भने, 'पुलिसले कम्युनिस्ट नेताको हैन नेपाली जनताले तिरेको करबाट तलब खाएको छ, कम्युनिस्ट पार्टीमा प्रवेश नगर्ने भए कारबाही गर्छु भन्ने ? यस्तो पनि हुन्छ ? काँग्रेसका कार्यकर्तालाई दुःख दिनेलाई हामी छाड्दैनौ, छाड्दैनौ छाड्दैनौँ ।'

दलित संघ केन्द्रीय कार्यसमितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा नेपाल दलित संघका सभापति मीन विश्वकर्माले विभेदको उन्मुलन गर्ने पार्टी काँग्रेस मात्र भएको धारणा राखे । शेरबहादुर देउवाको पालामा दलित आयोग बनेर दलितको लागि ठुलो अवसर प्राप्त भएको उनको भनाइ छ ।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय देखि स्थानीय तह सम्मका नेताहरूको उपस्थिति रहेको थियो । अन्तरक्रियामा प्रदेश नं १ का १४ जिल्लाबाट संघका अगुवा कार्यकर्ताहरूको सहभागिता रहेको छ ।

## विराटनगरमा पत्रकारसंग रिसाए देउवा

● कोशीपत्र संवाददाता

विराटनगर

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सरकारमा जाने विषयमा एउटै प्रश्न दोहोऱ्याएपछि पत्रकारसँग रिसाए । तत्कालीन देउवाको कार्यसमितिमा नेविसंघ उपाध्यक्ष रहेका कांग्रेस नेता अशोक कोइरालाको निधनमा श्रद्धाञ्जलि तथा परिवारलाई समवेदना दिन मंगलबार विराटनगर आइपुगेका देउवालाई विमानस्थलमा पत्रकार हरुले 'कांग्रेस सरकारमा कहिले जान्छ ?' भन्दै प्रश्न गरेका थिए । पत्रकारको पहिलो प्रश्नमा देउवाले भने, 'कांग्रेस विपक्षी पार्टी हो, तत्काल सरकारमा जाँदैन ।'

त्यसपछि पत्रकारले 'सरकारविरुद्ध संसद्मा अविश्वासको प्रस्ताव कहिले लैजान्छ ?' भन्दै प्रश्न सोधेका थिए । त्यसमा देउवाले कांग्रेससँग छलफल नभएको भन्दै अरुले नै अविश्वास प्रस्ताव लैजाने बताए । 'त्यसो भए अविश्वासको प्रस्ताव कसले ल्याइदिनुपर्ने, जसपाले कि माओवादीले ?' भन्दै राखेको प्रश्नमा देउवाले कांग्रेस विपक्षी पार्टी भएकाले विपक्षमै बस्ने बताए ।

त्यसपछि पत्रकारले 'त्यसो भए अहिलेकै सरकारलाई समर्थन गरेर जाने अवस्था हो ?' भन्दै प्रश्न सोधेपछि देउवा रिसाएका थिए । 'हत्तेरिका ! विपक्षी पार्टी विपक्षमा हुँदैन ?' आक्रोशित देउवाले भने, "विपक्षी पार्टी ! विपक्षी पार्टी विपक्षी पार्टी ! जानुहोस् ।' खासगरी कांग्रेस विपक्षमा बस्छ भनेपछि पनि यही सरकारलाई समर्थन हो भन्ने प्रश्नपछि देउवा रिसाएका थिए ।

विराटनगरमा आशोक कोइरालाको परिवारलाई भेटेपछि देउवा धरान ५६ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा नेपाल दलित संघ केन्द्रीय कार्यसमितिले आयोजना गरेको प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्न धरान आएका थिए ।

## जेसीजको संसदीय सभा प्रणाली तालिम

● कोशीपत्र संवाददाता

धरान

धरान जेसीजले बैठक आयोजना सम्बन्धमा संसदीयसभा प्रणाली तालिम आयोजना गरेको छ ।

धरान जेसीज लगायत अन्य शाखाहरुका अध्यक्ष तथा पदाधिकारीलाई दिईएको तालिमका प्रमुख प्रशिक्षक राजविमल श्रेष्ठ रहेका थिए । तालिममा बैठक सञ्चालन गर्ने विधिहरु तथा बैठकमा आवश्यक पर्ने कुराहरु लगायतका विषयमा सहभागीहरुलाई निकै ज्ञानबर्द्धक बनेको उर्लाबारी जेसीजका अध्यक्ष अशोक धिमालले बताए । बिराटनगर, उर्लाबारी, इटहरी, इटहरी लेडी, दुहबी, झुम्का, धनकुटा लगायतका जेसीजहरुका अध्यक्ष र पदाधिकारीहरु संलग्न तालिममा प्रशिक्षकका रुपमा मोहन श्रेष्ठ र गौरव सन्जेल रहेका थिए ।

नेपाल जेसीजको क्षेत्रीय तालिम प्रतिष्ठान धरानमा रहेको र धरान जेसीजले हरेक वर्ष तालिमहरु आयोजना गर्ने गरेको धरान जेसीजका अध्यक्ष मणिराज अधिकारीले बताए । जेसीजका सदस्यहरुको नेतृत्व र व्यक्तित्व विकासका लागि तालिमनै उत्तम माध्यम रहेको अधिकारी बताउँछन् ।

स्टार पूर्वी होटलमा आयोजित तालिममा ३२ जना सहभागी रहेका थिए भने औपचारिक कार्यक्रमको सञ्चालन धरान जेसीजका महासचिव कृष्ण के.सी. वर्माले गरेका थिए ।

## दाहसंस्कार स्थल सरसफाई

● कोशीपत्र संवाददाता

धरान

सेवक अभियानको आयोजनामा धरान १४ को खत्री धाराको झीगु शव दाहसंस्कार स्थलको सरसरफाई गरिएको छ ।

शव दाह गर्न आउने मलामीहरुका लागि मिनिरल वाटर सहुलियत दरमा त्यही नै उपलब्ध गराउने समेत व्यवस्थाको शुरुवात समेत गरिएको छ । सेवक अभियानले विगतमा प्रत्येक शनिबार पदयात्रा र सार्वजनिक स्थल मठमन्दिर, खहरे लगायतको स्थानहरुमा नियमित सरसफाई गर्दै आएको अभियानका अध्यक्ष राजिव हलुवाईले बताए । सरसफाई अभियानमा धरान उपमहानगरपालिकाका नगर प्रहरीले सधै साथ दिदै आएको छ ।

सोमबार विहान ७ वजे देखि शुरु भएको सरसफाई कार्यक्रममा झीगु समाजका अध्यक्ष सुरेन्द्रमान् स्थापितले मान्छे जलाउने घाट भएपनि यसलाई सफा, हरियाली यूक्त र अन्तरिक पर्यटकहरुलाई समेत आकर्षण गर्न सक्ने बनाउने योजना रहेको बताए । होलसेल मुल्यमा नै कम्पनीले पानी उपलब्ध गराउने भएकाले यहाँ आउने उपभोक्ताहरुले सुविधा पाउने वताए । यहाँ दाउराबाट र डिजल ईन्जिनबाट शव दाह गरिदै आएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री मित्रलाल आचार्यको नातिनी, श्री जन्मजया आचार्यको छोरी प्रदेश नं.१ जिल्ला सुनसरी रामधुनी नगरपीलका वडा नं ५ निवासी श्री अम्बिका देवी चापागाई मिति २०७६/०९/१८ मा मृत्यु भएको हुदा निज मृतकको नाममा यस बैकंको शाखा कार्यालयको खाता नं. 00311200010261000001 मा रहेको निक्षेप रकम मेरो नाममा दिलाई पाउँ भनि निजको छोरा प्रकाश चापागाईले निवदेन दिनु भएको हुदा निज निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सुचना प्रकाशित भएको मितिले ३५दिन भित्र आफ्नो प्रमाण सहित यस बैकंको शाखा कार्यालयमा आई दावी गर्न होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भई जानेछ । म्याद भित्र रित पूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

केन्द्रिय कार्यालय: महेन्द्र पथ, धरान-१२, सुनसरी, फोन नं. ०२५-५३१३१७, ०२५-५३३५०५
ईमेल: info@miteribankcom.np
वेबसाइड: www.miteribank.com.np

## पूर्व तर्फका संधियार जग्गाधनि श्री पार्वती श्रेष्ठको नाममा

धरान उपमहानगरपालिका १५ नं. वडा कार्यालयको

### ७ दिने सूचना

धरान - १५ चेम्जोङ पथ स्थित जग्गाधनी श्री अनिता के.सी निजको नाममा दर्ता रहेको साविक बाँझगरा १/क, कि.नं.१००४४ ज.वि ०-०-९.५० क्षेत्रफल भएको जग्गामा घर/ भवन निर्माणको लागि निवेदन दिनु भएकोमा तपाई पूर्व तर्फका संधियारहरुको उपस्थिति नदेखिएकोले यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ । निजलाई घर / भवन निर्माणको लागि स्वकृति दिदा तपाईहरुको जग्गामा हानी नोक्सानी हुन्छ वा हुदैन ? यदि हुन्छ भने यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र सबुत प्रमाण लिई १५ वडा कार्यालयमा उपस्थित हुन सुचित गरिन्छ । अन्यथा नियमअनुसार भई जाने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

| जग्गा रहेको स्थान | | | क्षेत्रफल | नक्सा दर्ता मिति | १५ दिने सन्धि सर्पन सूचना जारी मिति |
|---|---|---|---|---|---|
| वडा नं. | साविक वडा | कि.नं. | | | |
| १५ | १५ | १००४४ | ०-०-९.५० | २०७७/११/१८ | ०७७/११/२८ |

दुध, दही, पनिर, घ्यू
डेरी जन्य वस्तुहरु, दुध, दही, मोही, घ्यू, पनिर, चिज, नैनी, कुराउनी आदि चाहिएमा हामीलाई सम्झनुहोस् ।
१००% शुद्ध
satum सत्यम डेरी उद्योग
धरान-९, आचार्य लाइन
सम्पर्क : ९८०२७५५३००

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी (१ नं. प्रदेश नेपाल)

**उपाभोक्ता हितलाई ध्यानमा राख्दै सम्पूर्ण व्यवसायि तथा ग्राहक वर्गमा अनुरोध**

- कुनै पनि वस्तु खरिद गर्दा उत्पादनको नाम, सामानको मिश्रण, अधिकत्तम खुद्रा मुल्य,उपभोग म्याद सकिने मिति हेरी उपयुक्त लागेमा मात्र खरिद गर्ने बानी बसालौं ।
- गुणस्तरहीन, संकास्पद र मिलावट भएको कुनै पनि वस्तु फेला परेमा तत्काल उपमहानगरपालिकामा उजुरी गरौं ।
- मुल्य तिरेपछि विल पाउनु उपभोक्ताको अधिकार हो । सामान खरिद गरेपछि विल लिई सुरक्षित बनौं ।
- खरिद बिल लिने बानीको बिकास गर्दै संविधानले सुनिश्चित गरेको अधिकारको प्रयोग गरौं ।
- सम्पूर्ण व्यवसायीहरूले नियमअनुसार आफ्नो व्यवसायको दर्ता गरी आवश्यक कागजात राख्न र उपमहानगरपालिकामा व्यवसाय गर्ने प्रमाणपत्र समयमै नविकरण गराउन यो सुचान जारी गरिएको छ ।

**स्वास्थ्यको ख्याल गरौं, आफ्नो आयु आफै लम्ब्याउ**
इटहरी उपमहानगरपालिका

सॉँगुरी यातायात प्रा.लि.
धरान-१६, सुनसरी
संखुवासभास्थित अरुण तेस्रो निर्माण स्थल फाक्सिन्दा बेसी हुँदै सिम्बासम्म
दैनिक बस सेवा छुट्ने समय
विहान ४ :१५ बजे



सम्पर्क नं. : ९८५२०४५१७९
धरानबाट अरुण तेस्रो निमार्णस्थल फाक्सिन्दा बेंसी हुदै सिम्बासम्म र अरुण तेस्रो निर्माण स्थल र सिम्बाबाट धरानसम्म सॉँगुरी यातायात प्रा.लि. को दैनिक बस सेवा उपलब्ध छ ।

# Pauwadungma Rural Municipality

Office of the Rural Municipal Executive
Chyangre, Bhojpur, Province no:1

## INVITATION FOR BIDS

### Invitation for Bids for the Construction of Chyangre Pokhari Tourism Area

*Date of publication : 2077-12-11 (24th march, 2021)*

1. Pauwadungma Rural Municipality,Bhojpur invites electronic bids only from eligible bidders for the Construction of Chyangre Pokhari Tourism Area under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years : NRs. 1,31,00,000.
   - Minimum Work experience of similar size and nature : one construction of park within 10 years each value of atleast Nrs 2,10,00,000.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pauwadungma Rural Municipality,Bhojpur or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

# Belaka Municipality

**Office of Municipal Executive**
Rampur, Udayapur (Province No.-1, Nepal)

## Invitation for Sealed Quotation for the procurement of reusable locally made Sanitery Pad

*First Date of Publication: 11th Chaitra 2077*

The Belaka Municipality invites sealed quotations from registered suppliers for the procurement and supply of reusable locally made sanitary pad.

| S. N. | Sealed Quotation Identity Number | Name of Project | Total Cost | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | BELAKA/077-78/ SQ/GO/06 | Procurement and supply of reusable locally made sanitary pad | 19,90,000.00 (With VAT) | 50,000.00 | 1,000.00 |

1. Eligible suppliers may obtain further information and inspect the Bidding Documents at the office of Belaka Municipality, Rampur, Udayapur Email: belakamun@gmail.com Phone: 9842374643.
2. A complete set of Bidding Documents may be purchase from the office of Belaka Municipality, Rampur Udayapur by eligible suppliers on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT registration certificate and tax clearance certificate of FY 2076/77 and upon payment of a non-refundable fee of NRs.1,000.00 till **25th Chaitra 2077**during office hours.
3. Sealed bids must be submitted to the office of Belaka Municipality, Rampur Udayapur by before 12:00 Hours on **26th Chaitra 2077**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **26th Chaitra 2077** on 01:00 hours at the office of Belaka Municipality, Rampur Udayapur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in dharauti account No. 0770040274200004 at Kumari Bank Ltd. Belaka Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever. Chief Administrative Officer

## आजको राशिफल



आचार्य पण्डित
सम्राट गौतम
९८४२१००५५५

मेष: मनमा चिन्ताले सताउन सक्छ । शारीरिक पिडा बढ्न सक्छ । खानपिनमा सजक रहनुहोला । वादविवादले हानि पुर्याउने छ ।

वृष: साहसिक कार्यको थालनी हुनेछ । आर्थिक उन्नति बढेर जानेछ । संमानजनक कार्यमा अग्रसर भइनेछ । हितैशीसङ्ग भेटघाट बढ्नेछ ।

मिथुन: अध्ययन क्षेत्र सफल रहेको छ । आकस्मिक धन प्राप्ति हुन सक्नेछ । परिवारमा रमाइलो बढ्नेछ । हौसला बढेर जानेछ ।

कर्कट: अन्न धन आदिको लाभ हुन सक्नेछ । भोजनमा मन रमाउने छ । कामले संमान दिलाउने छ । कार्यमा उचित सहयोग प्राप्त हुनेछ ।

सिंह: अनावश्यक चिन्ताले सताउन सक्छ । बाधा अड्चनको बीचमा कार्य गर्नुपर्ने छ । स्वास्थमा समस्या आउन सक्छ । विवादमा नफस्नुहोला ।

कन्या: व्यापारीक क्षेत्रमा सामान्य उपलब्धि बढ्नेछ । कार्यमा ढिलो सफलता प्राप्त हुनेछ । मिष्ठान्न भोजन हुनेछ ।

तुला: थालेका काममा सफलता मिल्नेछ । कार्यले सम्मानित बनाउनेछ । सहयोगीहरु प्रशस्तै भेटिनेछन् । दिन उत्साहमा बित्ने छ ।

वृश्चिक: वैदेशिक यात्राको कार्य अघि बढ्नेछ । थालेका काममा सफलता हुनेछ । राजनीतिक क्षेत्र उत्तम रहेको छ । मित्र सहयोग बढ्नेछ ।

धनु: आर्थिक क्षेत्रमा वाधा आउन सक्छ । खानपिनमा सजक रहनुहोला । कार्यमा शत्रुको वाधा आउन सक्छ । शारीरिक पिडा हुन सक्छ ।

मकर: आर्थिक क्षेत्र सफल रहेको छ । व्यवसाय बढेर जानेछ । कार्यमा महिलाको सहयोग लिनुहोला । मिष्ठान्न भोजन हुन सक्छ।

कुम्भ: अध्ययनको समय बढ्नेछ । मित्रजनहरुसङ्ग भेटघाट हुनेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । दिन शुभ रहेको छ ।

मीन: अध्ययनमा प्रगति हुनेछ । बौद्धिक क्षेत्रमा फड्को बढ्नेछ । कार्यमा अवरोध आउनेछैन । सहयोगीहरु प्रशस्त मिल्नेछन् ।